# प्रेश विज्ञप्ति

## परिचय

नेपालमा मात्र नभई विश्वमा नै सर्वाधिक लोकप्रिय खेल फुटबल पनौतीमा पनि सबैभन्दा लोकप्रिय खेल हो। कुनै जमानामा काभ्रे जिल्लामा एक छत्र राज गरेको पनौतीको फुटबल अहिले बिस्तारै खस्कदो स्थितिमा रहेको छ। राष्ट्रकै फुटबल संक्रमणकालिन रहेको अवस्थामा काभ्रे जिल्लामा फुटबल विकास नहुनु कुनै ठुलो कुरा होइन । धेरै समयपश्चात अखिल नेपाल फुटबल संघको चुनाव हुनु, काभ्रे जिल्ला फुटबल संघ गठन हुनु, जिल्लाको फुटबल बिकासको लागि राम्रो कदम हुन सक्छ। पनौतीबाट धेरै संख्यामा राष्ट्रिय स्तरका फुटबल खेलाडी उत्पादन नभएपनि सिमित खेलाडीले आफ्नो बलबुतामा नेपालको ए डिभिजन, बी डिभिजन लिग, र राष्ट्रिय टोलीमा पनौतीबाट प्रतिनिधित्व गरेका छन् जुन गौरबको कुरा हो। एक दुई दशक अघिमात्र नभएर अहिले पनि फुटबललाई पनौतीमा मनोरंजन र स्वास्थ्य प्रबर्धनका लागि खेलिने खेलका रुपमा सिमित गरिएको छ। पनौतीको खेलकुद क्षेत्रमा गौरबमय इतिहास बोकेको सिरान चौरलाई पनौती नगरपालिकाबाट पनौती क्षेत्रिय रंगशालामा रुपान्तरण गर्ने जमर्कोबाट उब्जिएका विभिन्न विवादका कारण बिगत ३/४ बर्षदेखी यस क्षेत्रमा नियमित फुटबल प्रतियोगिता हुन सकिरहेको छैन जसका कारण यहाँको फुटबल स्तर झन् अधोगतितिर लाग्दैछ। तसर्थ पनौतीको फुटबल पुनर्जागरण गर्ने, पनौती रंगशाला निर्माणका लागि थप दबाब सिर्जना गर्ने उद्देश्यसहित विश्राम समाज तथा मानेश्वरी ग्रुपको संयुक्त आयोजनामा पनौतीको निर्माणाधीन रंगशालामा माघ महिनामा सर्वाधिक राशि पुरस्कारको वडास्तरीय पनौती कप फुटबल प्रतियोगिता हुने भएको छ। वडा स्तरीय प्रतियोगिताबाट सुरु गरी कम्तिमा पाँच बर्षभित्र राष्ट्रिय स्तरको फुटबल गर्ने लक्ष्य स्वरुप यस फुटबल प्रतियोगिता आयोजना गरिदैछ।परिचय नेपालमा मात्र नभई विश्वमा नै सर्वाधिक लोकप्रिय खेल फुटबल पनौतीमा पनि सबैभन्दा लोकप्रिय खेल हो। कुनै जमानामा काभ्रे जिल्लामा एक छत्र राज गरेको पनौतीको फुटबल अहिले बिस्तारै खस्कदो स्थितिमा रहेको छ। राष्ट्रकै फुटबल संक्रमणकालिन रहेको अवस्थामा काभ्रे जिल्लामा फुटबल विकास नहुनु कुनै ठुलो कुरा होइन । धेरै समयपश्चात अखिल नेपाल फुटबल संघको चुनाव हुनु, काभ्रे जिल्ला फुटबल संघ गठन हुनु, जिल्लाको फुटबल बिकासको लागि राम्रो कदम हुन सक्छ। पनौतीबाट धेरै संख्यामा राष्ट्रिय स्तरका फुटबल खेलाडी उत्पादन नभएपनि सिमित खेलाडीले आफ्नो बलबुतामा नेपालको ए डिभिजन, बी डिभिजन लिग, र राष्ट्रिय टोलीमा पनौतीबाट प्रतिनिधित्व गरेका छन् जुन गौरबको कुरा हो। एक दुई दशक अघिमात्र नभएर अहिले पनि फुटबललाई पनौतीमा मनोरंजन र स्वास्थ्य प्रबर्धनका लागि खेलिने खेलका रुपमा सिमित गरिएको छ। पनौतीको खेलकुद क्षेत्रमा गौरबमय इतिहास बोकेको सिरान चौरलाई पनौती नगरपालिकाबाट पनौती क्षेत्रिय रंगशालामा रुपान्तरण गर्ने जमर्कोबाट उब्जिएका विभिन्न विवादका कारण बिगत ३/४ बर्षदेखी यस क्षेत्रमा नियमित

फुटबल प्रतियोगिता हुन सकिरहेको छैन जसका कारण यहाँको फुटबल स्तर झन् अधोगतितिर लाग्दैछ। तसर्थ पनौतीको फुटबल पुनर्जागरण गर्ने, पनौती रंगशाला निर्माणका लागि थप दबाब सिर्जना गर्ने उद्देश्यसहित विश्राम समाज तथा मानेश्वरी ग्रुपको संयुक्त आयोजनामा पनौतीको निर्माणाधीन रंगशालामा माघ महिनामा सर्वाधिक राशि पुरस्कारको वडास्तरीय पनौती कप फुटबल प्रतियोगिता हुने भएको छ। वडा स्तरीय प्रतियोगिताबाट सुरु गरी कम्तिमा पाँच बर्षभित्र राष्ट्रिय स्तरको फुटबल गर्ने लक्ष्य स्वरुप यस फुटबल प्रतियोगिता आयोजना गरिदैछ।यस प्रतियोगिताका लागि पनौती नगरपालिका पनि आयोजकको भूमिकामा रहनेछ भने रोशी साकोस Title Sponsor को भूमिकामा रहनेछ। Rotary Club of Panauti संगको सहकार्यमा यस प्रतियोगिता संचालन हुनेछ।

## संस्थागत परिचय

### विश्राम समाज:

विश्राम समाज आजभन्दा ६ बर्षअगाडि पनौती क्षेत्रमा रहेका युवाहरुलाई समाजका बिद्ध्यमान समस्यामा केन्द्रित गरी समाज परिवर्तन कार्य गर्न स्थापित सामाजिक संस्था हो।विश्राम समाजले मुख्यत स्वास्थ्य प्रबर्धन, पनौतीको संस्कृति संरक्षण र प्रबर्धन, तथा वातावरण, शिक्षा, खेलकुद लगायत महिला सशक्तिकरणमा कार्यहरु गर्दै आएको छ। स्वास्थ्य क्षेत्रमा अत्यधिक सफलता हासिल गरिसकेको यस संस्थाले क्यान्सर सम्बन्धि सचेतना तथा प्रारम्भिक जाँचका कार्यक्रम, सामुदायिक कुकुरहरुको बन्ध्याकरण, स्कूलस्तरमा स्वास्थ्यका कार्यक्रम, HIV/AIDS सम्बन्धि कार्यक्रम, मधुमेहसम्बन्धि कार्यशाला गोष्ठी लगायतकाकार्यक्रमहरु गर्दै आएको छ। पनौतीको प्रबर्धन र महिला सशक्तिकरणमा पनि उल्लेखनिय कार्य गर्दै आएको यस संस्थाले पनौतीको खेलकुद क्षेत्र पनि विकास गर्ने उद्देश्यले पनौती कप फुटबलको अवधारणा सहित पनौतीको फुटबल पुनर्जागरण गर्ने लक्ष्य लिएको छ।

### मानेश्वरी ग्रुप:

बि.सं.२०५८ साल कार्तिक महिनामा तिहारको उपलक्ष्यमा भएको देउसी भैलो कार्यक्रममा उठेको रकमको सदुपयोगका लागि पनौतीका युवाहरुको जमघटबाट मानेश्वरी ग्रुपको स्थापना भएको हो। स्थापनाकालदेखि नै पनौतीको फुटबल क्षेत्रमा सक्रिय यस संस्थाले पनौतीमा विभिन्न फुटबल प्रतियोगिता संचालन गर्दै आएको छ।पनौती नगरपालिकाभित्र पहिलो पटक नगद पुरस्कार भएको मानेश्वरी कप फुटबल प्रतियोगिता आयोजना गरेको यस ग्रुपले क्लबस्तरीय महेन्द्र स्मृति कप, बिद्यालय स्तरीय फुटबल प्रतियोगिता, अन्डर १६ फुटबल प्रतियोगिता इत्यादिको सफल आयोजना गरिसकेको छ । काभ्रे जिल्लाकै फुटबलका लागि उर्बर मानिने पनौतीको प्रतिनिधित्व गर्दै यस ग्रुपले जिल्लामा मात्र नभई राष्ट्रिय फुटबल प्रतियोगितामा पनि सहभागी हुँदै आएको छ। जसको फलस्वरूप यस ग्रुपबाट आफ्नो करियर सुरु गरेका खेलाडीहरुले नेपालको प्रतिष्ठित ए डिभिजन, बी

डिभिजन क्लबहरुको प्रतिन्धित्व गर्दै शहिद स्मारक ए डिभिजनतथा बी डिभिजन लिगमा सहभागिता जनाइसकेका छन्। पनौती क्षेत्रिय रंगशाला निर्माण पश्चात् ठप्प भएको पनौतीको फुटबलको पुनर्उत्थान गर्ने उद्देश्य स्वरुप यस ग्रुपले यो फुटबल प्रतियोगिता आयोजना गर्दैछ।

**पनौतीको फुटबल इतिहास**

**काभ्रे जिल्ला फुटबलमा पनौतीको आधिपत्य**

राष्ट्रिय स्तरमा काभ्रेली फुटबलको छबि त्यति उचो छैन। राष्ट्रिय स्तरका प्रतियोगितामा पनि काभ्रेली खेलाडीको उल्लेख्यनिय सहभागिता देखिदैन। क्लबस्तरको कुरा गर्ने हो भने झन् अवस्था नाजुक छ। राष्ट्रियस्तरको प्रतियोगिता अन्तर्गत काभ्रे जिल्लाले सन् २००० को दशकमा राष्ट्रिय अन्डर १४ प्रतियोगिता जित्न सफल भएको थियो जसमा पनौतीका खेलाडीहरुको बाहुल्यता थियो । पनौती निवासी जर्ज प्रिन्स कार्की सन् २०१७ मा AFC Asian Cup Qualifiers अन्तर्गत ताजिकिस्तानबिरुद्धको खेलबाट राष्ट्रिय टिममा आफ्नो नाम लेखाउन सफल भए । छोटो समयमा प्रिन्सले पाएको सफलता अरु खेलाडीले दोहोर्याउनु चुनौतीको कुरा हो। प्रिन्स बाहेक अरु खेलाडीको राष्ट्रिय टिममा नगन्य रुपमा उपस्थिति रहेको छ।

एक दशक अघिसम्म पनौतीले काभ्रे फुटबलमा एकछत्र राज जस्तै गरेको थियो। पनौतीको फुटबल टिमहरुलाई हराउनु अरु टिमहरुको लागि फलामको चिउरा चपाउनु जस्तै हुन्थ्यो। धुलिखेलका केहि क्लब बाहेक अरु क्लबहरुको चुनौती सजिलै पार गर्न सक्थ्यो । काभ्रे जिल्लाको प्रतिनिधित्व गरेर पनौतीले धेरै प्रतियोगितामा सहभागिता गरेको छ। काभ्रे ११ टिममा पनि पनौतीकै खेलाडीको बाहुल्यता रहन्थ्यो। पनौती ११, पासा पुच,गोरखनाथ युवा क्लब जस्ता पहिलो पुस्ताबाट सुरु भएको सुनौलो इतिहासलाई दोश्रो पुस्ताका रोमियो ब्वाइजक्लब, मिक्स्चर ब्वाइज क्लब, सेभेन स्टार हुँदै अहिले आएर मनेश्वरी ब्वाइज क्लबसम्मले निरन्तरता दिदै आएको छ। तर अहिले आएर त्यो साख जोगाउनु मुस्किल हुन थालेको छ। बनेपा, धुलिखेल तथा अन्य क्लबहरुसँग अहिलेसमान टक्कर हुन थालेको छ। बनेपा ब्वाइज क्लबले स्थानीय स्तरबाट उलेख्यनिय सहयोग प्राप्त गरी अहिले आफ्नो क्षेत्रबाट फुटबल बिकास गरिरहेको छ। जर्ज प्रिन्स कार्कीले काभ्रे जिल्लामा सोही क्लबबाट खेलेर आज जिल्लाको नाम उज्वल गरेका छन्।

कुनै समयमा पनौतीमा दसैँ र फुटबल पर्याय जस्तै हुने गर्दथ्यो। कुनै पनि दसैं र तिहार फुटबल बिना अधुरो रहन्थ्यो। उक्त समयमा पनौतीको सिरान चौरमा कुनै न कुनै फुटबल प्रतियोगिता आयोजना भैरहन्थ्यो। राष्ट्रिय स्तरका खेलाडीहरुसम्म जिल्लाका विभिन्न क्लबहरुको प्रतिनिधित्व गर्दै अहिले निर्माणाधिन पनौती क्षेत्रिय रंगशालामा आफ्नो खेल देखाउन तत्पर रहन्थे। दर्शकहरुको पनि अधिक सहभागिता रहन्थ्यो। तर आज आएर त्यो सबै एकादेशको कथा जस्तै हुन थालेको छ।

**पनौतीको फुटबल क्लबहरुको अवस्था**

सन् १९९० दशकतिर नेपालको फुटबल उत्कर्षमा थियो, नेपालले दक्षिण एशियाली फुटबलमा स्वर्ण पदकसहित दबदबा कायम गर्यो। त्येहिबेला पनौती फुटबलको पनि स्वर्णिम युगको सुरुवात भएको थियो। पनौती ११ क्लबले काभ्रे जिल्लाको फुटबलमा आफ्नो आधिपत्य स्थापना गर्यो। पनौती ११ बाहेक गोरखनाथ फुटबल क्लब, नमोबुद्ध क्लब इत्यादिले पनि फुटबलको साख कायम राखेका थिए। पनौती फुटबलले त्यस बखत जिल्लाको प्रतिनिधित्व गरी देशका विभिन्न भागमा काभ्रे फुटबललाई परिचित गरेका थिए। पनौतीमा राम्रा फुटबलर भएपनि त्यस बेलाको फुटबल जिल्लामा मात्र सिमित भएको थियो। सन् २००० को दशकतिर पनौतीका थुप्रै फुटबल क्लबहरु काभ्रेमा चर्चामा रहे। सिरान चौर पनौती बजारबाट नजिक भएको हुँदा पनौती बजारबाट नै धेरै क्लबहरु जन्मन थाले। रोमियो ब्वाइज क्लब, पासा पुच क्लब, मिक्स्चर ब्वाइज क्लब इत्यादिले पनौती फुटबलको इतिहासलाई निरन्तरता दिए। रोमियो ब्वाइजले काभ्रे जिल्लामा आयोजित विभिन्न फुटबल प्रतियोगितामा आफ्नो बर्चस्व कायम गर्यो। पनौतीको निर्माणाधीन रंगशालामा दसैं, तिहार, नयाँ बर्षको अवसरमा अनेकौ फुटबल प्रतियोगिता हुन थाले। देशका नाम चलेका फुटबल खेलाडीहरु पनि पनौतीका फुटबल क्लबहरुमा आबद्ध भएर फुटबल खेल्न थाले। पछिल्लो समय मानेश्वरी ब्वाइज क्लबले पनि फुटबल खेललाई निरन्तरता दिदै जिल्लाको विभिन्न प्रतियोगितामा उत्कृष्ट नतिजा निकाल्दै गयो र पनौती फुटबलको साख जोगाउन सफल भयो।

सन् २००० को दशकबाट नै पनौतीका फुटबल खेलाडीहरुले राष्ट्रिय क्लबहरुको प्रतिनिधित्व गरी शहिद स्मारक ए डिभिजन लिगमा आफ्नो स्थान बनाए। थ्री स्टार, त्रिभुवन आर्मी क्लब, ब्वाइज युनियन, संकटा, काठमाडौँ क्लब जस्ता देशकै उत्कृष्ट क्लबहरुबाट आफ्नै बलबुताले पनौतीका खेलाडीहरुले ए डिभिजन लिग खेल्ने मौका पाए।

सन् २०११ तिर मानेश्वरी ब्वाइजका खेलाडीहरुले काठमाडौँ क्लबको प्रतिनिधित्व गर्दै बी डिभिजन लिगमा पनौतीको प्रभाव देखाउन सफल भए। सन् २०१० को दशक सुरु भएपश्चात पनौतीबाट राष्ट्रिय फुटबल खेलाडीको पनि जन्म भएको छ। यसरी पनौतीको गर्विलो इतिहासमा नयाँ अध्याय थपिएको छ। तर सन् २०१३ पश्चात पनौती रंगशालाको निर्माण तथा विवादका कारण पनौतीको फुटबल ठप्प भएको छ। हालसालै जापानमा बस्ने पनौतीका खेलाडीहरुको पनौती ११ टिमले जापनमा आयोजित बागेश्वोरी गोल्ड कप जितेर अलिकति भएपनि पनौतीको फुटबललाई ब्युताउन सफल भएको छ।

**पनौतेली खेलाडीहरुको नेपालको राष्ट्रिय लिग तथा राष्ट्रिय टोलीमा प्रतिनिधित्व**

नेपाली राष्ट्रिय फुटबल टिमका जर्ज प्रिन्स कार्की पनौती भेगका खेलाडीहरुको नेपालको राष्ट्रिय लिग तथा राष्ट्रिय टोलीमा प्रतिनिधित्व न्यून मात्रामा छ। सन् २००० को दशकतिर स्थानीय रोमियो ब्वाइज क्लबका केहि खेलाडीहरुले थ्री स्टार, ब्वाइज युनियन, संकटा, काठमाडौँ क्लब जस्ता देशको प्रतिष्ठित ए डिभिजन क्लबहरुबाट प्रतिनिधित्व गर्दै शहिद

स्मारक ए डिभिजन लिगमा सहभागिता जनाएका थिए। त्यसबाहेक केहि स्थानीय खेलाडीहरु आफ्नो बलबुताबाट नेपाल आर्मीमा भर्ती भएर तत्कालिन त्रिभुवन आर्मी क्लबबाट पनि आफ्नो खेल कौशल देखाएका थिए। पछिल्लो समय नेपाल आर्मी क्लबबाट खेल्ने पनौती मूलका खेलाडीले राष्ट्रिय टिमबाट पनि खेल्ने मौका पाएका छन् जुन गौरबको कुरा हो। सन् २०११ -२०१२ मा स्थानीय मानेश्वरी ब्वाइज क्लबका खेलाडीहरुले काठमाडौँ क्लबको प्रतिनिधित्व गर्दै बी डिभिजन लिगमा सहभागिता जनाएका थिए साथै बी डिभिजन नक आउट फुटबल प्रतियोगिता पनि जित्न सफल भए। यसरी केहि मात्रामा भएपनि पनौतेली खेलाडीहरुले राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर पनौतीको फुटबल इतिहासलाई जीवन्त बनाएका छन्।

त्रिभुवन आर्मीका फरवार्ड जर्ज प्रिन्स कार्की भाग्यमानी खेलाडीमा पर्दछन् । बि.सं. २०६९ मा सी डिभिजन छनोट हुने गृह बनेपा ब्वाइज क्लबबाट (बिबिसी) खेलेका प्रिन्सले अर्को बर्ष फ्रेन्ड्स क्लबका लागि ए डिभिजन खेले। नेपालका चर्चित खेलाडी अनिल गुरुङको स्थानमा राष्ट्रिय टिममा परेका जर्ज प्रिन्स कार्कीले राष्ट्रिय टोलीमा समेटिएको पहिलो खेलमा नै 'डेब्यू' गर्ने अवसर पाए । पनौती सुन्थानका प्रिन्स कार्कीले सन् २०१७ को एएफसी एसियन कप छनोटमा ताजकिस्तानविरुद्ध खेल्दै राष्ट्रिय टोलीबाट 'डेब्यू' गरेका हुन् । नेपालको कुनै पनि उमेर समूहमा नखेली उनी सिधै राष्ट्रिय टोलीमा छनोट हुने कम खेलाडीमा पर्दछन्। त्यसपश्चात उनले नेपाली राष्ट्रिय फुटबल टिमको प्रतिनिधित्व गर्दै ३ खेल खेलिसकेका छन्। यसरी पनौतीको फुटबल बिस्तारै सी डिभिजनबाट ए डिभिजन हुँदै अन्तराष्ट्रिय जगतसम्म आफ्नो छाप छोड्न सफल हुँदैछ।हालसम्म नेपालको राष्ट्रिय टिम, ए डिभिजन र बी डिभिजनमा खेल्ने खेलाडीहरुको नामावली यस प्रकार छ।

| क्र. सं. | खेलाडीको नाम | राष्ट्रिय टिम/ क्लब | नेपालको राष्ट्रिय लिग |
|---|---|---|---|
| १. | जर्ज प्रिन्स कार्की | नेपाल राष्ट्रिय फुटबल टिम/ नेपाल आर्मी क्लब, फ्रेन्ड्स क्लब | ए डिभिजन |
| २. | मनोज थापा | नेपाल राष्ट्रिय फुटबल टिम/ नेपाल आर्मी क्लब | ए डिभिजन |
| ३. | अमृत बस्नेत | नेपाल आर्मी क्लब | ए डिभिजन |
| ४. | बिनोद ताम्राकार | थ्री स्टार क्लब, काठमाडौँ क्लब | ए डिभिजन |
| ५. | सुरज ताम्राकार | ब्वाइज युनियन क्लब | ए डिभिजन |

| | | | |
|---|---|---|---|
| ६. | शेसन ताम्राकार | संकटा क्लब | ए डिभिजन |
| ७. | सन्दिप सुधाकर | काठमाडौँ क्लब | ए डिभिजन |
| ८. | रिटन श्रेष्ठ | संकटा क्लब | ए डिभिजन |
| ९. | सन्दिप श्रेष्ठ | न्यु रोड टिम | ए डिभिजन |
| १०. | कुशल थापा | न्यु रोड टिम | ए डिभिजन |
| ११. | दिनेश बस्नेत | फ्रेन्ड्स क्लब, थ्री स्टार क्लब | ए डिभिजन |
| १२. | माधव थापा | काठमाडौँ क्लब | ए डिभिजन |
| १३. | लक्ष्मी नारायण खिम्बंजार | स्टार क्लब , काठमाडौँ क्लब | बी डिभिजन |
| १४. | आशिष लामा | काठमाडौँ क्लब | बी डिभिजन |
| १५. | सुरेन्द्र भुजु | काठमाडौँ क्लब | बी डिभिजन |
| १६. | राजेश श्रेष्ठ | काठमाडौँ क्लब | बी डिभिजन |
| १७. | दिपेश लामा | काठमाडौँ क्लब | बी डिभिजन |
| १८. | बिकाश थापा | काठमाडौँ क्लब | बी डिभिजन |
| १९. | बिनोद श्रेष्ठ | काठमाडौँ क्लब | बी डिभिजन |
| २०. | बिमल श्रेष्ठ | काठमाडौँ क्लब | बी डिभिजन |
| २१. | साजन प्रधान | काठमाडौँ क्लब, मध्यपुर युथ क्लब | बी डिभिजन |
| २२. | प्रवेश कर्माचार्य | काठमाडौँ क्लब | बी डिभिजन |
| २३. | भेष बहादुर श्रेष्ठ | काठमाडौँ क्लब | बी डिभिजन |
| २४. | संजय थापा | काठमाडौँ क्लब | बी डिभिजन |
| २५. | सागर प्रधान | काठमाडौँ क्लब | बी डिभिजन |

## पनौती कप २०७५: वडास्तरीय फुटबल प्रतियोगिता

पनौतीको फुटबल प्रबर्धन गर्ने, पनौती नगरपालिकाको पनौती क्षेत्रिय रंगशाला निर्माणप्रति ऐक्यबद्धता जनाउन, पनौती रंगशाला निर्माणका लागि थप दवाब सिर्जना गर्ने अभिप्रायले विश्राम समाज तथा मनेश्वरी ग्रुपले संयुक्त रुपमा पनौती नगरपालिका वडा नं ७ स्थित सिरान चौर (निर्माणाधीन पनौती क्षेत्रिय रंगशाला) मा माघ १९ देखि माघ २६ गतेसम्म वडास्तरीय फुटबल प्रतियोगिता आयोजना गर्दैछ। लिग कम नक आउट प्रणालीमा खेलाइने उक्त प्रतियोगितामा पनौती नगरपालिकाका १२ वटै वडाहरुलाई समावेश गरिने छ। फिफाको लज अफ द गेम्सको नियम अनुसार खेलाइने खेलहरु एन्फाबाट लाइसेन्स प्राप्त रेफ्रीहरुद्वारा संचालन हुनेछन्। पाँच बर्षभित्र राष्ट्रिय स्तरको फुटबल प्रतियोगिता गर्ने लक्ष्य स्वरुप यस प्रतियोगिताको अवधारणा तयार पारिएको छ।

प्रतियोगितामा जम्मा १५ खेल हुनेछन्। १२ वटा वडाहरुलाई गोला प्रथाबाट ४ वटा समुहमा बिभाजन गरिनेछ र हरेक समुहको बिजेताले सेमिफाइनलमा प्रवेश पाउनेछ। प्रथम हुने टिमले नगद रु ५०००० (पचास हजार रुपैयाँ) सहित ट्रफी र मेडल पाउने छन् भने दोश्रो हुने टिमले नगद रु ३०००० ( तीस हजार रुपैयाँ) सहित मेडल प्राप्त गर्नेछन्। प्रतियोगिताका उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता तथा हरेक खेलका उत्कृष्ट खेलाडीहरुलाई क्रमश रु ७५००, ५०००, र १५०० सहित ट्रफी प्रदान गरिनेछ।

प्रतियोगिताको आधिकारिकताका लागि उक्त प्रतियोगितालाई औपचारिक रुपमा पनौती नगरपालिका कार्यालय तथा एन्फा काभ्रेमा दर्ता गरिनेछ। पनौती कपको सफल आयोजनाका लागि प्रायोजक, सह आयोजक, सहयोगी संस्था, मेडिया पार्टनर इत्यादिको सहायता लिईनेछ।

**पनौती कप खेल तालिका**

स्थान: सिरानचौर (निर्माणाधीन पनौती क्षेत्रिय रंगशाला)
सहभागी टिम: १२
उद्घाटन मिति: माघ १९ गते, शनिबार
उद्घाटन समय: बिहान १०:०० बजे
समापन मिति: माघ २६ गते, शनिबार
समापन समय: दिउँसो ३:०० बजे

**Panauti Cup Group Stage**

| Group A | Group B | Group C | Group D |
|---|---|---|---|
| Ward No 7 | Ward No 5 | Ward No 10 | Ward No 11 |
| Ward No 8 | Ward No 2 | Ward No 12 | Ward No 6 |
| Ward No 9 | Ward No 4 | Ward No 3 | Ward No 1 |

| Match No. | Match | Date | Day | Time |
|---|---|---|---|---|
| **Group Stage** | | | | |
| 1 | Ward No 7 v  Ward No 8 | Magh 19 | Saturday | 11:00 am |
| 2 | Ward No 5 v Ward No 2 | Magh 19 | Saturday | 2:00 pm |
| 3 | Ward No 10 v Ward No12 | Magh 20 | Sunday | 11:00 am |
| 4 | Ward No 11 v Ward No 6 | Magh 20 | Sunday | 2:00 pm |
| 5 | Ward No 8 v Ward No 9 | Magh 21 | Monday | 11:00 am |
| 6 | Ward No 2 v Ward No 4 | Magh 21 | Monday | 2:00 pm |
| 7 | Ward No 12 v Ward No 3 | Magh 22 | Tuesday | 11:00 am |
| 8 | Ward No 6 v Ward No 1 | Magh 22 | Tuesday | 2:00 pm |
| 9 | Ward No 9 v Ward No7 | Magh 23 | Wednesday | 11:00 am |
| 10 | Ward No 4 v Ward No 5 | Magh 23 | Wednesday | 2:00 pm |
| 11 | Ward No 3 v Ward No 10 | Magh 24 | Thursday | 11:00 am |
| 12 | Ward No 1 v Ward No 11 | Magh 24 | Thursday | 2:00 pm |
| **Semifinals** | | | | |
| 13 | Group A winner<br>v<br>Group D winner | Magh 25 | Friday | 11:00 am |
| 14 | Group B winner<br>v<br>Group C winner | Magh 25 | Friday | 2:00 pm |
| **Final** | | | | |
| 15 | Match 13 winner<br>v<br>Match 14 winner | Magh 26 | Saturday | 1:00 pm |